# नेपालगञ्ज उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल**

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

**(मिति २०८०।०६।०१ देखि मिति २०८०।०९।२९सम्मको विवरण)**

### (१) निकायको स्वरुप र प्रकृतिः

नेपालगञ्ज शहर बि.सं. २०१७ सालमा नेपालगंज नगरपञ्चायतका नाम बाट स्थापना भई बि.सं. २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापित भएको हो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७१ मंसिर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरीपरिका १० गाबिसहरु क्रमशः उदयपुर, भवानीयापुर, पिप्रहवा, जयसपुर, ईन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैना लाई  गाभेर २७ वटा वडा कायम गरेकोमा मिति २०७२।०६।१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा.वि.स.को क्षेत्र गाभेर २८ औं वडाको रुपमा कायम भएको थियो । तत्पश्चात् सरकारको मिति २०७३।११।९ को निर्णय अनुसार साविकको वडा नं. २३ ईन्द्रपुरलाई जानकी गाऊपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाई, केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा.वि.स.को वडा नं. ७ लाई उप-महानगर क्षेत्रमा गाभि उक्त क्षेत्रलाई २३ औं वडाको रुपमा कायम गरिएको छ । हाल कायम भएको वडाको जम्मा संख्या २३ रहेको छ । नेपाल सरकारको पछिल्लो निर्णय अनुसार हालको उप-महानगर कायम हुँदा यसको क्षेत्रफल ८५.९४ व.कि.मी. र कूल जनसंख्या राष्ट्रिय जनगणना, २०७८ बमोजिम १६४४४( पुरुष ८२,७५५ र महिला ८१६८९) रहेको छ । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय सरकारको रुपमा नेपालगञ्ज उपमहानगरपालिका रहेकोछ ।

**(२) निकायको काम, कर्तव्य र अधिकार:**

यस उपमहानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्बिनी प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरण:**

यस उपमहानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण तस्विर सहितको र उपमहानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा समेत राखिएको छ ।




## (४) निकायबाट प्रदान गरिने सेवाः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र लुम्विनी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं उपमहानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा नेपालगञ्ज उपमहानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न समितिहरु, महाशाखाहरु, शाखाहरु, २३ वटा वडा कार्यालयहरु रहेका छन् । उपमहानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचनाअधिकारी तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/

मा उल्लेख गरिएको छ ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

यस उपमहानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण नेपालगञ्ज उपमहानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगरसभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस संवन्धी व्यवस्था नेपालगञ्ज उपमहानगरपलिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/

मा समेत उल्लेख गरिएको छ

।

**(७) निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

यस उपमहानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । उपमहानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

**(८) निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस उपमहानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट गुनासो सुनुवाईको व्यवस्था गरिएको छ ।

**(९) सम्पादन गरेको कामको विवरण:**

यस उपमहानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा उपमहानगरपालिकाले यस आर्थिक वर्षको पौष मसान्तसम्म देहायबमोजिमको कार्यहरु सम्पन्न गरेको छ :

**क. प्रशासन, वित्तिय तथा राजश्व व्यवस्थापन :**

- जनशक्ति व्यवस्थापन कार्यदलले सवै शाखा/महाशाखा तथा वडाहरुमा स्थलगतरुपमा पुगी सोको व्यवस्थापनका लागि सुझाव सहितको पेश भएको प्रतिवेदन पेश भई सो समेतको उपमहानगरपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण नगरसभाबाट स्वीकत भई कार्यान्वयनमा रहेकोछ ।
- यस आर्थिक वर्षको लागि विनियोजित बजेट रु.१ अर्व ८३ करोड ७९ लाख ९३ हजार मध्ये हालसम्म रु.८८ करोड ७० लाख १२ हजार (४८ प्रतिशत) प्राप्त भई ४९ करोड ५२ लाख १६ हजार (२७ प्रतिशत) खर्च भएकोछ जसमध्ये चालुतर्फ ३२.९७ प्रतिशत, पूँजिगततर्फ १३.४२ प्रतिशत र वित्तिय व्यवस्थातर्फ ४३.८१ प्रतिशत वित्तिय प्रगती भएको छ ।
- भुक्तानी प्रक्रियालाई सहज र पारदर्शि बनाउने उद्धेश्य अनुरुप पूर्णरुपमा **EFT** मार्फत सम्वन्धितको खातामा नै भुक्तानी गरिने व्यवस्था गरिएको छ ।
- आन्तरिक राजश्वतर्फ रु.१९ करोड अनुमानित आय रहेकोमा हालसम्म १० करोड २७ लाख ४१ हजार (करिव ५४ प्रतिशत) संकलन भएको छ ।

**ख. स्वास्थ्य महाशाखा :**

- घरदेखि अस्पतालसम्मको सेवा उपलब्ध गराउनका लागि २४ घण्टे निशुल्क एम्बुलेन्स सेवामार्फत हालसम्म २५० जना लाभान्वित भएका छन ।
- अत्यावश्यक सुचिकृत औषधिहरुको ईबिडिङ मार्फत खरिदप्रकृया अघि बढाईएकोछ ।
- आमासुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राहीलाई (गर्भवती तथा सुत्केरीलाई) प्रोत्साहन तथा यातायात खर्च उपलब्ध गराईएकोछ ।
- नियमित मासिक रुपमा नेपालगंज उपमहानगरपालिकाको २३ वटा वडाको ७७ वटा खोप केन्द्रहरु बाट बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएकोछ ।
- नेपालगंज उपमहानगरपालिका भित्रका दीर्घ रोगीहरुलाई जिविकोपार्जन तथा औषधि उपचार खर्च सम्वन्धित वडाकार्यालयहरु मार्फत १८३ जनालाई रु ५००० को दरले त्रैमासिक भुक्तानी गरिएकोछ ।
- क्यान्सर,मुटु रोगी, मृगौला रोगी लगायतकाहरु लाई संघ तर्फ ७७ जनालाई बिपन्न नागरिक उपचारको लागी प्रति ब्यक्ती एक लाख बराबरको सिफारिस गरिएको साथै  लुम्बिनी प्रदेश स्वास्थ्य मंत्रालय मार्फत दुई लाख बराबरको बिपन्न नागरिक उपचार सिफारिस १८ जनालाई गरिएकोछ ।
- अस्पताल जन्य फोहर ब्यवस्थापन तथा नियमन गरि आवश्यक दण्ड तथा जरिवाना समेत गरिएकोछ ।
- नसर्ने रोगको सामुदाय स्तरिय Screening Camp संचालन गरिएकोछ ।
- राष्ट्रिय हात्तिपाईले रोग निवारण कार्यक्रम अन्तर्गत प्रथम चरणको रक्त जाँच कार्यक्रम सम्पन्न गरिएकोछ ।
- नीजि स्वास्थ्य संस्था दर्ता तथा नबिकरण नियमित रुपमा गरिएकोछ ।

## ग. शिक्षा युवा तथा खेलकुद महाशाखा :

- बालविकास तथा धार्मिक विद्यालयहरुलाई सुदृढिकरण र व्यवस्थापनमा जोड दिएको ।

- विद्यालयहरुमा सूचना प्रबिधीमैत्री शिक्षण सिकाई क्रियाकलाप सञ्चालनमा प्रोत्साहन गरिएको ।
- सामुदायिक संस्थागत र धार्मिक विद्यालयका शिक्षकहरुको विपतका समयमा विद्यालय सुरक्षाका सम्बन्धमा क्षमता विकास गरी गुणस्तरीय शिक्षाको सुनिश्चितता गरिएको ।
- शैक्षिक सुशासन र पेशागत सहयोगका लागि विद्यालय अनुगमन मेन्टोरिङग सुपरीवेक्षणलाई प्रभावकारी बनाउदै लगीएकोछ ।
- यस उपमहानगरपालिकाले निर्माण गरेको स्थानिय पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईएकोछ ।
- विद्यालयमा भर्ना तथा नियमितताका लागि विद्यालयका कार्यक्रममा अभिभावकको सङ्लग्नता बढाईएको छ ।
- नगरको सामाजिक विकासका लागि युवा क्लव गठन र परिचालन कार्यविधि तयार गरिएको छ ।
- नगरको संस्थागत विद्यालय सञ्चालन व्यवस्थापनका लागि संस्थागत विद्यालय सञ्चालन मापदण्ड तयार गरिएको छ ।
- नगर मदरसा शिक्षा निति बनाउने प्रक्रिया थालनी गरिएको छ ।
- खेलकुद कार्यक्रमहरु सञ्चालन गरि युवा तथा विद्यार्थीको प्रतिभा पहिचान र विकास गरिएको छ ।
- कोभिड १९ तथा अन्यकारणले भएको सिकाई क्षति आपूरणका लागि कार्यक्रम सञ्चालन गरिएकोछ ।

## घ. महिला, बालवालीका तथा ज्येष्ठ नागरिकशाखाः

- ४२ ओटा महिलासमूहहरुको गठन भई अनुशिक्षण प्रदान गरिएको छ ।
- अपांगता भएका व्यक्तिहरुको परिचय वितरण कार्य प्रत्येक महिनाको २५ गते कार्यालय परिसरमा नै निरन्तर गरिएको छ ।

- बालविवाहमुक्त उपमहानगरपालिका दिगोपना कायमका लागि वडास्तरीय वालअधिकार समिति, बालक्लव, धर्मगुरु तथा सरोकारवाराहरुलाई अभिमुखिकरण गरी सो अभियान निरन्तर सञ्चालन गरिएको छ ।

**ङ. सहकारी, सामाजिक सुरक्षा, पन्जिकरण, उपभोक्ता हित र स्वःमूल्यांकन शाखा :**

- बर्षको कम्तिमा एकपटक अनिवार्यरुपमा सहकारी संस्थाको नियमित अनुगमन गर्ने लक्ष्य अनुरुप हालसम्म करिव १५ ओटा सहकारी संस्थाहरुको अनुगमन सम्पन्न भएकोछ ।
- बार्षिक कार्ययोजना अनुरुपका कार्यक्रमहरुमध्ये चौमासिक सिकाई आदानप्रदान, विद्यालयमा सहकारी शिक्षा, सहकारीमा लेखापालन तालिम र कोपोमिस तालिम सम्पन्न भएको छ ।
- यस आ व को प्रथम र दोस्रो किस्ता बापत ११८१७ लाभग्राहीको खातामा इफटी मार्फत सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी गरिएको ।
- पौष महिनाको हालको अवधिसम्म २७७१ व्यक्तिगत घटना दर्ता कार्य सम्पन्न गरिएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन अन्तर्गत आ व २०७९।०८० को स्वमूल्याङ्कनको प्रारम्भिक नतिजा तयार पारिएको छ ।
- उपभोक्ता हित संरक्षण कार्यक्रम अन्तर्गत गठित संयुक्त बजार अनुगमन समितिले करिव ४५ वटा विभिन्न व्यवसायिक पसल उद्योग होटल डेरी पसलहरुमा अनुगमन कार्य सम्पन्न गरिएको छ ।

**च. सामाजिक, गै.स.तथा साझेदारी विकाश शाखा ः**

- नेपालगञ्ज उपमहानगर क्षेत्रमा बसोवास गरिरहेका लक्षित समुदायहरु मध्ये आर्थिक उपार्जन हुने पेशा, व्यवसायमा संलग्न हुन नसकेका, अवसर नपाएका र गर्न चाहेर पनि सानो बिउ पूँजीको अभाव भएका सवै नगरवासीहरुले देखेको आफ्नो आर्थिक समृद्धिको परिकल्पना साकार पार्न गरिवसँग स्थानीय सरकार

कार्यक्रम सञ्चालन गर्ने उद्धेश्यले "गरिवसँग स्थानीय सरकार सञ्चालन कार्यविधि, २०८०" स्वीकृत गरी नेपालगञ्ज राजपत्रमा हालै प्रकाशन गरिएको छ ।

- गरिवसंग स्थानीय सरकार सञ्चालन कार्यक्रम (विगतको साझेदारी विकास कार्यक्रम) अन्तर्गत् सामाजिक, गैसस तथा साझेदारी विकास शाखाबाट विभिन्न लक्षित वर्गहरुको व्यवसायीक प्रवद्र्धन गर्नका लागी उपलब्ध गराईएको सहुलियतपूर्ण कर्जा असुली चालू आ.व.२०८०।०८१ को श्रावण देखि पुस २५ गते सम्म सावाँ असुली तर्फ रु २८,५२,९९९।— व्याज रु ९,१८,०९७।— र जरिवाना रु १,२६,५७५।— समेत गरि कूल जम्मा ३८,९७,६७२।— (अड्तिसलाख सन्तानब्बेहजार छसय बहत्तर) असुल भएको छ ।
- २०८० असार मसान्त सम्म भाखा नाघेका १५४ जना ऋणी (कर्जाग्राही) हरुलाई कर्जा चुक्ताका लागि चालू आ.व. मा चालिएका प्रभावकारी कारवाहीको फलस्वरुप पौष महिनाको २६ गते सम्म ३५ जनाले आफूले बुझाउनुपर्ने कर्जाको बाँकी सावाँ, व्याज र जरिवाना एकमुष्ट चुक्ता गरेका छन् । बाँकी व्यक्तिहरुको नामावली र बुझाउनुपर्ने रकम बुझाउनका लागी स्थानीय पत्रिकाहरुमा सूचना प्रकाशित गरि सम्बन्धित ऋणीहरुलाई कार्यालयको पत्र सहित ३५ दिन भित्र बुझाउन अनुरोध गर्ने कार्य पौष १८ गते देखि अभियानकै रुपमा सञ्चालन गरिएको छ ।
- सामाजिक क्षेत्रमा कामगर्ने सवै गैरसरकारी संस्थाहरुको छाता संगठनका रुपमा गैरसरकारी संस्था महासंघको संस्थागत क्षमता अभिवृद्धीका लागी उक्त महासंघलाई यस उपमहानगरपालिकाबाट रु १,००,०००।— सहयोग उपलब्ध गराउने गरि सम्झौता सम्पन्न भएको छ । यस कार्यबाट उक्त महासंघमा आवद्ध १५२ वटा गैरसरकारी संस्थाहरु लाभान्वित हुने छन् ।
- नेपालगञ्ज उपमहानगरपालिका र नगरवासीहरुका विच सञ्चार सम्पर्कको रुपमा कार्यगर्ने उद्धेश्यका साथै महाशाखा, शाखाहरुबाट हुने कार्यसम्पादन, नीति, कार्यक्रम, बजेट, विकास निर्माण एवं शहरको ऐतिहासिक, पुरातात्विक, पर्यटकीय तथा धार्मिक स्थलहरुको विकासमा टेवा पुरयाउने उद्धेश्यले नेपाल टेलिभिजन

कोहलपुर शाखा संग "हाम्रो नेपालगञ्ज" टेलिभिजन कार्यक्रम सञ्चालनका लागि सम्झौता भई प्रशारणको चरणमा रहेको छ ।

- राष्ट्रिय समाचार समितिद्धारा यस क्षेत्रको अवधीभाषा मार्फत् अन्तराष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय समाचार उत्पादन एवम् अनुवाद गरी अवधीभाषी बासिन्दाको सूचनाको हक स्थापित गर्न र भाषाको सम्बद्र्धन गर्ने उद्धेश्यले "रासस अवधी मातृभाषा समाचार सेवा" का लागी रासस संग सम्झौता भई प्रकाशनको चरणमा रहेको छ ।
- गत वर्ष देखि यस उपमहानगरपालिकाको सहयोगमा बागेश्वरी मन्दिर परिसरमा सञ्चालनमा रहेको "सन्ध्याकालिन महाआरती" कार्यक्रम चालू आ.व. मा समेत श्री वागेश्वरी मन्दिर गुठी व्यवस्थापन समितिद्धारा निरन्तर भईरहेको छ । यसबाट परम्परागत धर्म, संस्कृतिको संरक्षणका सासाथै धार्मिक पर्यटनको विकासमा समेत पुनर्जारण ल्याउने विश्वास गरिएको छ ।
- सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण सम्बन्धी कार्य सेवा खरिद मार्फत् गर्ने गरि शिलबन्दी प्रस्ताव माग गरिएकोमा पेश भएका प्रस्तावहरु मूल्याङ्कनको चरणमा रहेका छन् ।
- जिल्ला प्रशासन कार्यालय बाँकेमा रहेको आप्रवासी स्रोतकेन्द्रबाट चालू आ.व.को ६ महिनामा बैदेशिक रोजगारमा जानका लागी राहदानी लिएका ४३७७ (पुरुष ३३०९ र महिला १०६८) जना लाई र रिटर्नी स्वयंसेवकहरु मार्फत् १२५५ जना (पुुरुष ८७५ र महिला ३८०) लाई सुरक्षित गन्तव्यका लागि महत्वपूर्ण सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- बैदेशिक रोजगारीमा रहेका, जान लागेका र जाने प्रक्रियामा रहेका ५२ जना (पुरुष ४८ र महिला ४) मध्ये ठगीमा परेका, भने बमोजिमको काम नपाएका, ज्याला नदिएको, अङ्गभङ्ग भएका, मृत्यु भई क्षतिपूर्ति नपाएका कामदारहरुको गुनासो सुनुवाई गरि १३ जनाको समस्या समाधान गरि हालसंम वैदेशिक रोजगार विभागबाट रु ५९,००,०००।— (उनसाठी लाख) आर्थिक सहयोग उपलब्ध

गराईएको छ । गुनासो आएकामध्ये ३९ जनाको गुनासो समाधान गर्ने चरणमा रहेको छ ।

- बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउने उद्धेश्यका साथ रेडियो जिंगल, सामुदायिक अभिमुखीकरण, रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण, सूचना सामाग्री उत्पादन एवं प्रकाशन, रोजगार सेवा केन्द्रसंग अन्तरक्रिया, अन्तर्राष्टिय आप्रवासी दिवस मनाईएको, आप्रवासन स्रोत केन्द्रको प्रभावकारिताका लागी समन्वय बैठक, स्थानीय तह कार्यक्रम व्यवस्थापन समितिको बैठक र सरोकारवालाहरुबाट कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गराई पृष्ठपोषण गर्ने कार्य सफलताका साथ सम्पन्न भएको छ ।

**छ. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा :**

- शहरका मूख्य सडक सरसफाई कार्य निरन्तर रुपमा भईरहेको छ ।
- स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समेत प्रभावकारीरुपमा सञ्चालन भईरहेको छ ।
- वडा नं. ३ र ७ मा समुदायस्तरमा आगलागी, भूकम्प लगायत विपद्का विभिन्न स्वरुप सम्बन्धी Simulation अभ्यास सम्पन्न गरिएको छ ।
- आपतकालिन कार्यसञ्चालन निर्देशिका, २०८० विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना, २०८० व्यवसायीक निरन्तरता योजना, २०८० विपद् जोखिम बीमा सम्वन्धी कार्यविधि,२०८० र नगर विपद् व्यवस्थापन स्वयसेवक परिचालन निर्देशिका २०८० निर्माण भई कार्यान्वयनमा रहेकोछ ।
- भूकम्प तथा आगलागी सम्वन्धि समुदायमा जनचेतना अभियान सञ्चालन भएको छ ।

- नेपालगंज उपमहानगरपालिकाको GIS मार्फत क्षमता विश्लेषण सम्पन्न गरिएकोछ ।
- भुकम्प तथा आगलागी सम्वन्धी प्रभावमा आधारित कृतिम अभ्यास गरिएको छ ।
- समुदायमा Retrofitting र Fire Fighting सेवा विस्तार लगाएत Mitigation का ६ वटा कार्यहरु सम्पन्न भएकोछ ।
- समुदायस्तरमा विद्दुतिय आगलागी र घरेलु लापरवाहिले हुनसक्ने आगलागीको नियन्त्रण तथा उपयहरुवारे प्रदर्शनी गरिएकोछ ।
- विपद् व्यवस्थापनकालागि गोदाम व्यवस्थापन गरि खोज तथा उद्दार सामाग्री भण्डारण गरिएकोछ ।
- विद्युत कर्मी तथा विजुली पसलेलाई विपद् व्यवस्थापन सम्वन्धि तालीम सञ्चालन गरिएकोछ ।
- नेपालगंज उपमहानगरपालिकाको सकटासन्न तथा श्रोत नक्शाकंन कार्य सम्पन्न गरिएकोछ ।

## ज. भौतिक पूर्वाधार तथा शहरी विकास महाशाखा

- १०८ फिटे हनुमानको मूर्ति, वागेश्वरी मन्दिरमा जुँगे महादेवको मन्दिर तथा पुल स्तरोन्नती, वागेश्वरी चिल्ड्रेन पार्क निर्माण लगायतका कार्यहरु निर्माणका चरणमा रहेका छन ।
- विभिन्न १५ ओटा क्रमागत योजनाहरुको निर्माण कार्य निरन्तर तथा चालु आर्थिक वर्षका योजनाहरुको सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया अगाडी बढाईएको छ ।
- मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत भै कार्यान्वयन प्रक्रियामा रहेको छ ।

- भवन अनुमति तथा मापदण्ड बमोजिम यस आ.व.मा दर्ता भएका मध्ये १९६ ओटाको नक्सा प्रमाणित गरिएकोछ । पुरानो घरसमेतको नक्सापास प्रमाणितबाट २०८० असोज महिनामा रु.७०,९२,३६२। राजश्व संकलन भएको छ ।
- पूर्वाधार विकास समितिको हालसम्म १३ ओटाबैठक बसेको, गत आ.व.मा १८६ ओटा सम्पन्न  योजनाहरुको स्थलगतरुपमा अनुगमन तथा सुपरीवेक्षण गरी समितिका संयोजक श्रीबसन्त कुमार कनौजिया ज्यूबाट प्रतिवेदन पेश भएकोछ ।

## ञ. कृषि तथा पशु बिकाश शाखा :

- तरकारीको पकेट र च्याउपकेटको निरन्तरता कृषकहरुलाई उपलब्ध गराईएकोछ ।
- कन्ये च्याउका बिउ, हिउदे तरकारीको बिउ, बिषादि, बर्षिम तथा जै घाँस खरिद भई बितरण कार्य सम्पन्न गरिएको छ ।
- पशुविमा सम्बन्धी कृषक तथा प्राविधिकसँग अन्तरक्रिया गोष्ठी सञ्चालन गरिएकोछ ।
- काञ्जिहाउसमा परजीवि नियन्त्रण शिविर सञ्चालन गरिएकोछ ।
- जुनोटिक रोग विरुद्ध पशु प्राविधिक सँग अन्तरक्रिया गोष्ठी सञ्चालन गरिएकोछ ।

## ठ. रोजगार सेवा केन्द्र

- आ.व. २०८०/०८१ का लागि ४११ जना सूचिकृत गरिएको छ जसमध्ये महिला ५४% र ४६% पुरुष रहेकाछन ।
- यस आ.व. सूचिकृत वेरोजगार व्यक्तिको विवरण सार्वजनिक गरिएको छ ।
- कुल सूचीकृत मध्ये प्राथमिकिकरणमा परेका ६५ जनालाई न्यूनतम रोजगारीमा संलग्न गराउने लक्ष्य अनुरुप प्राथमिकिकरण लिष्ट सम्बन्धीत वडामा पठाइएको र रोजगार उपभोक्ता समिति गठनको कार्य भइरहेको छ ।

- सबै वडाहरुबाट प्राप्त योजनाहरुको सर्भे तथा इष्टीमेट कार्य सम्पन्न भईसकेकोछ ।
- बैदेशिक रोजगार वोर्डबाट प्रदान गरिने कल्याणकारी सेवा अन्तगत यस आर्थिक बर्षमा वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन अनलाईन प्रणाली मार्फत मृत्यू क्षतिपूर्ति —१ जना, विरामी /अंगभग —५ जना, शव झिकाउने —१ जना, शवढुवानी —१ जना र बैदेशिक रोजगार सन्तती छात्रावृत्ति ५ जनाको लागि सहजिकरण गरिएको छ ।
- यस आ.ब.मा नयाँ श्रम स्वीकृति र पुनः श्रम  स्वीकृति गरी ६७ जनाको व्यक्तीगत श्रम स्वीकृति गरिएको छ ।
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका लागि पुनः एकीकरण कार्यक्रममा संलग्न हुन् इच्छुक व्यक्ति आवेदन सकलन गरिएकोछ ।
- बैदेशिकरोजगारीमा रहेका व्यक्तिका परिवारहरुसंग बैदेशिक रोजगारबोर्डको आर्थिक सहयोग र नेपालगंज उपमहानगरपालिकाको समन्वयमा अन्तरक्रिया कार्यक्रम गरिएकोछ ।

## ङ. भूमि व्यवस्थापन शाखा

- नेपालगञ्ज उप—महानगरपालिका वडा नं.१४ गाउँ ब्लक जग्गा नापनक्सा गरी जग्गाधनी पुर्जा वितरण कार्य अन्तिम चरणमा रहेकोछ ।
- भूमि व्यवस्थापन शाखाका कर्मचारीलाई अभिमुखिकरण तालिम सम्पन्न भएकोछ ।
- ने.ग.उ.म.न.पा. वडा नं. १९ को आलानगर क्षेत्रमा बसोबास गर्ने सुमुम्बासीको फिल्ड Verification सम्पन्न भएकोछ ।
- ने.ग.उ.म.न.पा. वडा नं.२० मा बसोबास गरीरहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा आव्यवस्थित बसोबासीको अपूर्ण निवेदन फाराम पूर्ण कार्यको लागि ७ ( सात ) दिने सुचना प्रकाशन सम्पन्न भएकोछ ।

- ४७५ वटा घर नक्सा फाईल र ३० वटा सडकको Marking को काम सम्पन्न भएकोछ ।

## ढ. सुचना प्रविधि शाखा

- Digitization का ३ वटा Application (घर नम्बरिङ्ग प्रणाली, एकीकृत मोबाईल एप, कागजात व्यवस्थापन प्रणाली) र विद्धुतीय घर नक्शा प्रणालीको जोखिम पहिचान तथा सुरक्षापरिक्षण कार्यसम्पन्न भएको छ ।
- नगरका २५ वटा सवारी साधन (१० वटा गत आ.व, १५ वटा यस आ.व) मा GPS जडान गर्ने कार्य गरी ईन्धनमा मितव्ययीता अपनाइएको छ ।
- नगरका ४ वटा वडामा Digitization सम्बन्धी टोल स्तरीय, समुदाय स्तरीय तालीम कार्य सम्पन्न भएको तथा बाँकी वडाहरुमा Digital Initiator मार्फत वडास्तरीय तालीम कार्य भईरहेको छ ।

## ण. नगरस्तरीय प्रवद्धन तथा व्यवस्थापन

- सडक सुरक्षा व्यवस्थापन अन्तर्गत छाडापशुचौपायको लागि राप्तिसोनारी गाऊपालिका सँग सम्झौता गरी काञ्जिहाउसमा पठाउने कार्यको शुरुवाती भएकोछ भने ई रिक्सा र फुटपाथ व्यवस्थापन कार्य समेत अगाडी बढाईएकोछ ।
- भेरी अञ्चल अस्पतालमा रहेका विरामी र कुरुवाहरुलाई सहुलियतमा भोजन गराउने कार्यका लागि अञ्जनी माता रसोइब मार्फत निरन्तर दिईएकोछ ।
- वाटरपार्कमा साईकल पथ ट्र्याक निर्माण कार्यको शुरुवात गरिएकोछ ।
- घर नम्वरलाई व्यवस्थित गर्नका लागि नगरका घरहरुमा डिजिटल नम्वरीङ्ग गर्नेकार्यको वडा न.१२ बाट शुरुवात गरिएकोछ ।
- मुख्यसडकको चोक तथा चोकहरुमा रहेका शालिकहरुको मर्मत तथा रंगरोगन कार्य गरिएकोछ ।
- फोहरमैला व्यवस्थापनका लागि सचेतना कार्यक्रम तथा जथाभावी फोहर गर्नेलाई जरीवाना सहित कारवाही गर्ने कार्यको थालनी गरिएकोछ ।

**(१०) कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः**

कार्यालय प्रमुखको नाम : ओमबहादुर खड्का

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : nepalgunjmun@gmail.com

सम्पर्क नम्बर : ९८५८०६६१११

सूचना अधिकारीको नाम : खिमानन्द अर्याल

पद : बरिष्ठ आ.ले.प.अधिकृत

सम्पर्क नम्बर : ९८५८०३२६९०

इमेल ठेगाना : io.npjmun@gmail.com

**(११) ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूचीः**

नेपालगञ्ज उपमहानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ

। उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ ।

**(१२) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**

यस उपमहानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/

मा राख्ने गरिएको छ । चालु आ.व. २०८०।०८१ को पौषमसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

## नेपालगँज उप महानगरपालिका

## उप महानगर कार्यपालिकाको कार्यालय, बाँके

## क्षेत्रगत आय तथा व्यय विवरण

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/०९/२९

| SN | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **६,९९,४५,७४३.००** | **७६,९७,१५४.००** | **११** | **६,२२,४८,५८९.००** |
| १ | कृषि | ३,४५,८४,७४३.०० | ५५,८१,६६६.०० | १६.१४ | २,९०,०३,०७७.०० |
| २ | उद्योग | २,०५,००,०००.०० | ४,४४,०२०.०० | २.१७ | २,००,५५,९८०.०० |
| ३ | पर्यटन | २२,५०,०००.०० | ४,२७,४००.०० | १९ | १८,२२,६००.०० |
| ४ | सहकारी | १९,१०,०००.०० | ० | ० | १९,१०,०००.०० |
| ५ | वित्तीय क्षेत्र | १८,००,०००.०० | ० | ० | १८,००,०००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | ७,५१,०००.०० | ० | ० | ७,५१,०००.०० |
| ७ | बन | ९,००,०००.०० | २६,६१५.०० | २.९६ | ८,७३,३८५.०० |
| ८ | पशुपन्छी विकास | ७२,५०,०००.०० | १२,१७,४५३.०० | १६.७९ | ६०,३२,५४७.०० |
| **२** | **सामाजिक विकास** | **७४,१३,५८,७३८.६२** | **२२,८३,८४,१३५.६०** | **३०.८१** | **५१,२९,७४,६०३.०२** |
| १ | शिक्षा | ४९,१३,८७,४२०.०५ | १६,७१,३५,४८०.०० | ३४.०१ | ३२,४२,५१,९४०.०५ |
| २ | स्वास्थ्य | १३,५९,३९,९७३.५० | ४,४६,०३,७५७.६० | ३२.८१ | ९,१३,३६,२१५.९० |
| ३ | खानेपानी तथा सरसफाई | ३,३६,३४,९५४.५२ | ५५,८५,७८८.०० | १६.६१ | २,८०,४९,१६६.५२ |
| ४ | भाषा तथा संस्कृति | १,०८,१०,८००.०० | १३,०१,२१६.०० | १२.०४ | ९५,०९,५८४.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,७७,२७,०००.०० | १९,७३,५७२.०० | ११.१३ | १,५७,५३,४२८.०० |
| ६ | युवा तथा खेलकुद | १,८९,९७,०००.०० | २२,९९,२१५.०० | १२.१ | १,६६,९७,७८५.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ३,२८,६१,५९०.५५ | ५४,८५,१०७.०० | १६.६९ | २,७३,७६,४८३.५५ |

| | | | | | |
|---|---|---|---|---|---|
| **३** | **पूर्वाधार विकास** | **५२,२४,७६,९५०.४१** | **७,०६,७४,९४८.३७** | **१३.५३** | **४५,१८,०२,००२.०४** |
| १ | यातयात पूर्वाधार | २७,३१,१८,३१६.६६ | १,७१,८५,५७७.२२ | ६.२९ | २५,५९,३२,७३९.४४ |
| २ | भवन, आवास तथा सहरी विकास | १४,०२,०४,३३५.५० | ६७,६१,१६६.६१ | ४.८२ | १३,३४,४३,१६८.८९ |
| ३ | उर्जा | १,३४,०५,१३६.०२ | २५,९२,३९९.०२ | १९.३४ | १,०८,१२,७३७.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | ६०,५०,०००.०० | ४९,९४६.०० | ०.८३ | ६०,००,०५४.०० |
| ५ | सम्पदा पूर्वाधार | ८,७७,४९,१६२.२३ | ४,४०,८५,८५९.५२ | ५०.२४ | ४,३६,६३,३०२.७१ |
| ६ | बिज्ञान तथा प्रबिधि | ७,००,०००.०० | ० | ० | ७,००,०००.०० |
| ७ | पुननिर्माण | १२,५०,०००.०० | ० | ० | १२,५०,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८३,८०,००१.०० | ८,२४,५४१.०० | ९.८४ | ७५,५५,४६०.०० |
| १ | वातावरण तथा जलवायु | १,५०,०००.०० | ३८,३००.०० | २५.५३ | १,११,७००.०० |
| २ | विपद व्यवस्थापन | ५,५५,०००.०० | ० | ० | ५,५५,०००.०० |
| ३ | मानब संशाधन विकास | १७,८०,००१.०० | ० | ० | १७,८०,००१.०० |
| ४ | कानुन तथा न्याय | १०,४०,०००.०० | १,६९,४८१.०० | १६.३ | ८,७०,५१९.०० |
| ५ | शासन प्रणाली | ६०,०००.०० | ० | ० | ६०,०००.०० |
| ६ | तथ्यांक प्रणाली | १२,६१,०००.०० | ४,१६,७६०.०० | ३३.०४ | ८,४४,२४०.०० |
| ७ | गरिबी निवारण | ६,००,०००.०० | ० | ० | ६,००,०००.०० |
| ८ | श्रम तथा रोजगारी | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| ९ | योजना तर्जुमा र कार्यन्वयन | ८०,०००.०० | ० | ० | ८०,०००.०० |
| १० | अनुगमन तथा मूल्यांकन | ९,५४,०००.०० | २,००,०००.०० | २०.९६ | ७,५४,०००.०० |
| ११ | प्रशासकीय सुशासन | १७,००,०००.०० | ० | ० | १७,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९,५८,३२,०१२.३९ | १८,९९,७५,१०३.८४ | ३८.३१ | ३०,५८,५६,९०८.५५ |
| | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४९,५८,३२,०१२.३९ | १८,९९,७५,१०३.८४ | ३८.३१ | ३०,५८,५६,९०८.५५ |
| | **कुल जम्मा** | **१,८३,७९,९३,४४५.४२** | **४९,७५,५५,८८२.८१** | **२७.०७** | **१,३४,०४,३७,५६२.६१** |

**नेपालगन्ज उपमहानगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय,नेपालगन्ज**

**आ.व.०८०/०८१ को आन्तरीक राजश्व अनुमानित आय र पुषमसान्तसम्म सकलीत रकम**

| सि.नं. | कोड | शिर्षक | आ.व.०८०/०81 को अनुमानित आय | 2080 पौष मसान्त सम्मको आय |
|---|---|---|---|---|
| १ | ११३१३ | एकिकृत सम्पती कर | ५0,000,000.00 | ३२,२७८,३७३.२९ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५0,000.00 | ३,२३८.00 |
| ३ | ११३२१ | घरवहाल कर | ३४,000,000.00 | १८,१२५,५२०.९४ |
| ४ | ११३२२ | वहाल विटौरी कर | | १,000.00 |
| ५ | ११४५१ | सवारी साधन कर(साना सवारी) | १,000,000.00 | १,१५१,८00.00 |
| ६ | ११४७१ | अन्य मनोरञ्जन कर | | २,१२३,१६७.७१ |
| ७ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १,५00,000.00 | १,000,000.00 |
| ८ | ११६९१ | अन्य कर | | |
| ९ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २७,६१0,000.00 | १0,४७२,0७१.८६ |
| १० | १४१५९ | अन्य स्रोतबाट प्राप्त रोयल्टी | | |
| ११ | १४२१२ | सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम | १,000,000.00 | ३३८,१0२.00 |
| १२ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | | |
| १३ | १४२१८ | विद्युत सेवा शुल्क | ५00,000.00 | ४६९,११0.२0 |
| १४ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | | ४,४४२,५५३.७५ |
| १५ | १४२२४ | परीक्षा शुल्क | ५0,000.00 | २५,000.00 |
| १६ | १४२४१ | पार्किङ्ग शुल्क | १२,000,000.00 | २,२0२,८00.00 |

| | | | | |
|---|---|---|---|---|
| १७ | १४२४२ | नक्सापास दस्तुर | २७,५००,०००.०० | १५,५२५,१३६.०८ |
| १८ | १४२४३ | सिफारिस दस्तुर | ८,५००,०००.०० | ५,०९७,६२३.८२ |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १,०००,०००.०० | ६८०,७००.०० |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | २०,०००.०० | २८,१७८.०० |
| २१ | १४२४९ | अन्य दस्तुर | ५,०००,०००.०० | २,३२९,९५१.५७ |
| २२ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १७,५००,०००.०० | ९,९४३,८५७.५० |
| २३ | १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | २०,०००.०० | - |
| २४ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ५०,०००.०० | २०८,५०४.७३ |
| २५ | १४४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | १,४२५,०००.०० |
| २६ | १४५२९ | अन्य राजस्व | २,५००,०००.०० | ४,०००.०० |
| २७ | १५१११ | बेरुजु | २००,०००.०० | १,८३९,८२५.५० |
| | | **कुल जम्मा** | १९०,०००,०००.०० | १०९,७१५,५१४.९५ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत नेपालगञ्ज उपमहानगरपालिकाको वेबसाइट https://www.nepalgunjmun.gov.np/ मा राखिएको छ । त्यसैगरी मोवाईल एप, फेसवुक पेज लगायतको व्यवस्था समेत गरिएकोछ ।